# बलात्कारलाई एक गम्भीर र व्यवस्थित मानव अधिकार उल्लङ्घन र लैंगिकतामा आधारित महिला विरुद्धको हिंसाको रुपमा महिला विरुद्धको हिंसाका विशेष प्रतिवेदक समक्ष प्रस्तुत गरेको विषयगत प्रतिवेदन

मे २०२०

प्रस्तुतकर्ता

ह्युमन राईट्स एण्ड जस्टिस सेन्टर

ट्रायल इन्टरनेसनल

## १. परिचय

संयुक्त राष्ट्रसंघको महिला विरुद्धको हिंसा, यसको कारण र परिणामहरूका विशेष प्रतिवेदकले (यसपश्चात "विशेष प्रतिवेदक") साधारण सभासमक्ष अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बलात्कारलाई एक गम्भीर र व्यवस्थित मानव अधिकार उल्लङ्घनको रुपमा अपराधीकरण गर्ने र अभियोजन गर्ने राष्ट्रहरूको जिम्मेवारीसम्बन्धमा एक विषयगत प्रतिवेदन सेप्टेम्बर २०२० मा प्रस्तुत गर्ने घोषणा गर्नुभएको थियो।

यसको लागि, विशेष प्रतिवेदकले विभिन्न राष्ट्रहरूबाट विभिन्न सरोकारवालाहरूलाई एक प्रश्नावलीको उत्तरहरू बुझाउन आमन्त्रण गर्नुभएको थियो। ह्युमन राईट्स एण्ड जस्टिस सेन्टर र ट्रायल इन्टरनेसनलले आफ्नो विशेषज्ञताको आधारमा **नेपालमा** लागु हुने कानुन र सान्दर्भिक नजिरहरू समेटी तलको प्रश्नावलीमा उत्तरहरू प्रस्तुत गरेको छ। प्रस्तुत गरिएको धेरै जानकारी द्वन्दसंग सम्बन्धित बलात्कार र अन्य प्रकारका यौन हिंसासंग सम्बन्धित छन्। तथापि, शान्तिको बेला हुने यौन हिंसासंग सम्बन्धित लागु हुने घरेलु कानुनको सन्दर्भ पनि समावेश गरिएको छ।

नोभेम्बर २०१८ मा विशेष प्रतिवेदकले नेपाल भ्रमण गरी आफ्नो प्रतिवेदनमा बलात्कार र अन्य यौन हिंसामा[1] लागु हुने कानुन विश्लेषण गरी तदअनुसार सिफारिशहरू गर्नुभएको थियो। दुर्भाग्यवश, यसको लेखन प्रक्रिया भईरहंदासम्म पनि सिफारिशहरू लागु भएका छैनन् ।

त्यसैगरी, प्राश्नावलीको तलका उत्तरहरूमा थुप्रै जानकारी विशेष प्रतिवेदकलाई थाहा भईसकेको र दोहोरिएकोमा, त्यसमा थप पुरक हुने जानकारी र हालका विकास (वा नभएका विकास) हरूको चित्रण गरिएको छ।

## २. पृष्ठभूमी

नेपालको भ्रमणबारे उनको प्रतिवेदनमा विशेष प्रतिवेदकले **लैंगिकताका आधारमा रुढिबादी विचारधाराले** गम्भीर रुपमा जरा गाडेको, जसले गर्दा महिला विरुद्ध हिंसा गर्न फलदायी

[1] महिला विरुद्धको हिंसा, यसको कारण र परिणामहरूका विशेष प्रतिवेदक, नेपाल भ्रमण सम्बन्धि प्रतिबेदन, १९ जुन २०१९ को संयुक्त राष्ट्रसंघको कागजात ए/एच आर सी/ ४१/४२/ए२, हरफ ३५। यसपश्चात विशेष प्रतिवेदकको नेपाल भ्रमणको प्रतिबेदन।

वातावरण निर्माण भई दण्डहिनतालाई अनुसरण गरेको छ। उहाँको शब्दमा, "नेपालमा महिला विरुद्ध हिंसा, दुवै निजी र सार्वजनिक क्षेत्रहरूमा देशैभरी व्यापक छ, जसलाई पितृसतात्मक व्यवहार, लैंगिकतामा आधारित रुढिबादी विचारधारा र हानिकारक प्रथाहरूले[२] थप गरेको छ। सोहि रुपमा, मानव अधिकार समितिले "पितृसतात्मक व्यवहार र लैंगिकतामा आधारित रुढिबादी विचारधाराले जीवनको हरेक चरणमा महिला विरुद्धको हिंसामा थप गरेको छ " अनुसरण गरेको छ।[३]

विगतका वर्षहरूमा भएको प्रगति हेर्दा -खासगरी कानुनी तहमा- लैंगिकताका आधारमा रुढीबादी विचारधारा उन्मुलन हुनुपर्नेमा- व्यवहारमा, सान्दर्भिक मान्यताहरू पालना नभएको अवस्था छ ।

यहाँ बयान गरिएको अवस्थालाई द्वन्दसंग सम्बन्धित यौनहिंसाको क्षेत्र र परिणामहरू विश्लेषण गर्ने क्रममा ध्यान दिनुपर्ने हुन्छ। यस सम्बन्धमा, मानव अधिकारहरूको उच्च आयुक्तको कार्यालय (यस पश्चात "ओ एच सी एच आर") को प्रतिवेदनमा द्वन्दकालमा घटेका दुर्व्यवहारहरूको सम्बन्धमा "महिला विरुद्धको हिंसालाई वैध गराउन नेपालमा व्यापक रुपमा भएको असमान लैंगिक सम्बन्ध महत्वपूर्ण रहेको छ" भनी लेखिएको छ।

नेपालमा (२०५२ -२०६३) एक दशक लामो सशस्त्र द्वन्द भयो, जसमा व्यवस्थित यातना, जबर्जस्ती बेपत्ता पारिने, गैर न्यायिक हत्या, स्वेच्छाचारी पक्राउ र यौन हिंसा जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरू घटे। २०६३ मंगसिर ५ (२१ नोवेम्बर २००६) मा, विशेष शान्ति सम्झौतामा हस्ताक्षर गरी यसले पिडित र उनका परिवारलाई न्याय र उपचार प्रदान गर्ने लक्षका साथ दुई संक्रमणकालिन न्याय व्यवस्थाहरू स्थापित गर्ने समावेश गरेको थियो। बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपश्चात "सत्य निरुपण ऐन" ) ले फेब्रुअरी २०१५ मा दुई संक्रमणकालिन न्याय व्यवस्थाहरू स्थापित गर्यो, अर्थात सत्य निरुपण तथा मेलमिलाप आयोग (यस पश्चात "सत्य निरुपण आयोग" ) र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (यसपश्चात बेपत्ता

[२] ऐजन, हरफ २७।

[३] मानव अधिकार समिति (एच आर सी ), २८ मार्च २०१४ को नेपालमाथिको निर्णयका अवलोकनहरू, संयुक्त राष्ट्रसंघ सी सी पी आर/ सी/एन पी एल/ सी ओ/ २, हरफ ८ (विशेष जोड)

आयोग")। दुवै आयोगलाई दुई वर्षको कार्यावधि  दिईएको थियो जुन थुप्रै पटक थप गरिसकिएको छ।

फेब्रुअरी २०१५ मा सर्वोच्च अदालतले सत्य निरुपण ऐनका थुप्रै प्रावधानहरू असंवैधानिक भएको र नेपालको अन्तर्राष्ट्रिय जिम्मेवारीसंग बाझिने भएको निर्णय गरेको थियो।  सर्वोच्च अदालतले सरकारलाई त्यस्ता प्रावधानहरू संसोधन गरी अन्तर्राष्ट्रिय दायित्वसंग सुसंगत हुने गरी  ग्रहण गर्ने निर्देशन दिएको थियो। त्यसपश्चात भएका आदेशहरूमा, सर्वोच्च अदालतले संक्रमणकालिन न्यायसंग सम्बन्धित कानुनी ढाँचा मा गम्भीर त्रुटी भएको पुनः पुष्टि गरेको छ।  अरुमध्ये, अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका अपराध र गम्भीर मानव अधिकार उल्लङ्घनमा क्षमादान प्रदान गर्ने प्रावधानहरूका साथै दुई आयोगहरूको स्वतन्त्रता र निष्पक्षता सम्बन्धी पर्याप्त सुनिश्चितता खास चासोका विषय थिए।

सर्वोच्च अदालतको प्रष्ट निर्देशनहरूलाई अनुसरण **नगरी दुई आयोगहरूका**  कार्य नियमन गर्ने **कानुनी संरचना संसोधन नभएको र यिनीहरुले आफ्नो कामको महत्वपूर्ण भाग त्यस्तो त्रुटिपूर्ण** कार्यदेश**मा रही गरेका छन्।**

सत्य निरुपण आयोगले ६०,००० भन्दा धेरै उजुरी र बेपत्ता आयोगले ३,००० भन्दा धेरै उजुरी दर्ता गरेका छन्।  यी उजुरीहरू अपर्याप्त साक्षी सुरक्षा कार्यक्रम र प्राविधिक ज्ञान र विशेषज्ञताको अभावमा  दर्ता गरिएको थियो।  आयोगहरूले केहि प्रारम्भिक अनुसन्धानहरू मात्र गरे, तर महत्वपूर्ण खोज, प्रतिवेदनको प्रकाशन, सिफारिशहरूको निर्माण, वा पिडितहरूलाई परिपुरण  दिनुभन्दा अगावै उनीहरूको कार्यावधि समाप्त भयो।

नेपालको भ्रमणको प्रतिवेदनमा विशेष प्रतिवेदकले आफ्ना  चिन्ताहरू व्यक्त गर्नुभएको छ किनकि संक्रमणकालिन न्यायका निकाय हरू पूर्णरुपमा संचालित छैनन् र यीनले थुप्रै चुनौतीहरूको सामना गर्नुपरेको छ।[४] खासगरी यसका असरहरू र सामान्यतया तत्कालिन कानुनी संरचनामा उनीहरूलाई क्षतिपूर्तिको र अन्य प्रकारका परिपूरणमा पहुँच नदिईएको कारणले  बलात्कारका प्रभावितहरू र थुप्रै अन्य पिडितहरूले यौन हिंसाका उजुरीहरू दर्ता नगरेको समेत उहाँले उल्लेख गर्नुभयो।[५]  सोही गरी, **विशेष प्रतिवेदकले संक्रमणकालिन न्याय प्रणालीसंग[६] सम्बन्धित थुप्रै सिफारिशहरू निर्माण गरेकोमा, कुनैपनि कार्यान्वयन भएको छैन।**

[४] विशेष प्रतिवेदकको नेपाल भ्रमणको प्रतिवेदन, अनुच्छेद ५७।

[५]  ऐजन, अनुच्छेद ५८।

[६] ऐजन, अनुच्छेद ८३।

फेब्रुअरी २०१९ मा, दुई आयोगहरूको कार्यावधि तेस्रो पटकको लागि (फेब्रुअरी २०२० को अन्त्यसम्म) थप गरियो । तथापी, २०१९ को पुरा वर्षभरी, नेपालले कानुनी संरचना संसोधन र नयाँ आयुक्तहरू नियुक्त गर्न असफल भयो जस कारण यथार्थमा संक्रमणकालिन न्याय प्रक्रिया निष्क्रिय भयो।

पुरा एक वर्षको निष्क्रियता पश्चात, थप कार्यावधिसकिनु केहि अघि, ज्यानवरी २०२० मा, सरकारले अन्तिममा हतार र गोप्य प्रक्रियाद्वारा नयाँ आयुक्तहरू नियुक्ती गर्ने मनसाय देखायो जसले पिडित समूहलाई थप आक्रोशित बनायो, जसले सो प्रायोजनका लागि १३ ज्यानवरी २०२० मा केवल ३ घण्टाको लागि गरिएको गरिएको प्रादेशिक छलफललाई आफ्नो कष्ट माथिको उपहास मानेका थिए।

२७ ज्यानवरी २०२० मा त्रुटिपूर्ण प्रक्रियाका बावजुद, मन्त्रीपरिषदले दुई आयोगहरूको अवधि एक वर्ष थप गर्ने निर्णय गर्यो (अर्थात् फेब्रुअरी २०२१ सम्म )। कार्यावधि नवीकरण जे जस्तो भए पनि, जबसम्म कार्यदेश नियमित गर्ने कानुनी संरचना अन्तर्राष्ट्रिय कानुनसंग प्रतिकुल पर्न जान्छ; आयुक्तको नियुक्तिको प्रक्रिया पारदर्शी र परामर्शयुक्त छैन; र आयोगहरूलाई पर्याप्त प्राविधिक विशेषज्ञता र श्रोतहरू समेत प्रदान गरिदैंन, यसले कुनै अर्थपूर्ण परिणाम ल्याउन कठिन हुन्छ ।

बलात्कार वा अन्य प्रकारका यौन हिंसा लगायत द्वन्दकालिन गम्भीर अपराधहरूमा क्षमादान विरुद्धको २०१५ को निर्णयको पुनरावलोकन गर्न नेपाल सरकारले दर्ता गरेको मुद्दालाई २७ अप्रिल २०२० मा, नेपालको सर्वोच्च अदालतले खारेज गर्यो।[७] नेपाली न्यायपालिकाको तर्फबाट सरकारको मुद्दा खारेज गर्नु पक्कै सकारात्मक संकेत हो, तर जबसम्म कानुन संसोधन हुँदैन, पक्ष राष्ट्रले अन्तर्राष्ट्रिय जिम्मेवारीहरू उल्लङ्घन गरिनै रहनेछ।

---

[७] ओ एच सी एच आर, नेपालमाथिको प्रकाशन संक्षिप्त नोट, १ मे २०२०, उपलब्ध:
https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=25855&LangID=E

समग्रमा, केहि थोरै प्रगतिको बावजुद - खासगरी कानुनी संरचना तर्फ -नेपालले अन्तर्राष्ट्रिय कानुनसंगत बलात्कार र अन्य प्रकारका यौन हिंसालाई अपराधीकारण गर्ने सुनिश्चितता दिन निकै गर्न बाँकी हुन्छ ।

**३. बलात्कारको अपराधीकरण र अभियोजन सम्बन्धी प्रश्नावली**

**३. क) परिभाषा र अपराधिक कानुनी व्यवस्थाको क्षेत्र**

**१. कृपया बलात्कार ( वा बलात्कारको वर्गीकरण नभएको क्षेत्राधिकारहरूमा सो समान गम्भीर यौन हिंसाका विभिन्न प्रकार )बारे फौजदारी कानुनीको सान्दर्भिक प्रावधानहरूको अनुवादित फौजदारी संहिता र फौजदारी कार्यविधि संहिताको पूर्ण पाठ जानकारी प्रदान गर्नुहोस।**

९ अगस्ट २०१७ मा नेपाली व्यवस्थापिकाले नयाँ फौजदारी संहिता (मुलुकी फौजदारी संहिता २०७४) र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ अनुमोदन गर्यो, जुन १७ अगस्ट २०१८ बाट लागु भयो । मुलुकी फौजदारी संहितामा अपराधको सारभूत प्रावधानहरू समावेश गरिएका छन् र मुलुकी फौजदारी कार्यविधि संहितामा त्यस्ता अपराधहरूका लागी लागु हुने कार्यविधिहरू राखिएका छन्।

मुलुकी फौजदारी संहिताको परिच्छेद १८ (प्रस्तुत कागजको अनुसूची १) अनुसार यी अपराधहरू अपराधीकरण गरिएका छन् र सजाय तोकिएको छन् : बलात्कार (दफा २१९); हाडनाता करणी (दफा २२०); थुनामा रहेको व्यक्तिसंग करणी (दफा २२१); आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्याक्तिसंग करणी (दफा २२२), कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसंग करणी (दफा २२३); यौन दुर्व्यवहार (दफा २२४); बालयौन दुर्व्यवहार(दफा २२५); अप्राकृतिक मैथुन (दफा २२६); पशु करणी (दफा २२७)। साथै मुलुकी फौजदारी संहिताको दफा २२८ ले क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरेको छ भने दफा २२९ ले हदम्याद सम्बन्धी व्यवस्था गरेको छ ।

माथि उल्लेखित प्रावधानहरूको पूर्ण पाठ प्राप्त गर्नको लागि तलको अनुसूची १ हेर्नुहोस।

मुलुकी फौजदारी कार्यविधि संहितामा उल्लेखित सम्बन्धित कार्यविधिहरू यस प्रकार छन् :

दफा ५७. पक्राउ गर्ने वा समाह्वान जारी गर्नेः (१) यस संहिता बमोजिम उजुरी परेपछि अनुसूची–१ र अनुसूची–२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजुरीसाथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले यस परिच्छेदको अधीनमा रही आवश्यकता अनुसार पक्राउ पूर्जी वा समाह्वान जारी गर्नेछ।

बलात्कारलाई अनुसूची-१ अन्तर्गत रखिएको छ। माथि उल्लेखित प्रावधान अनुसार पक्राउ नपरेका कसुरदारलाई पक्राउ गर्न अदालतले पक्राउ पुर्जी जारी गर्न आवश्यक हुन्छ।

दफा ६७. अभियुक्तलाई थुनामा राख्नेः (१) देहायको कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्नेछः

(क) जन्म कैदको सजाय हुन सक्ने कसूर,

(ख) तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कसूर, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर ।

बलात्कार अनुसूची- १ मा रहेका अपराधहरु मध्यको एक हो र यसमा ३ वर्षभन्दा धेरैको सजाय हुने पूर्वविचार गरिएको छ। यो प्रावधानले दोषीलाई धरौटीमा छोड्न नमिल्ने र थुनामा बस्नु पर्ने व्यवस्था गरेको छ।

दफा ८९ (२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वारिस नियुक्त गर्न सकिने छैनः –

(क) अनुसूची–१ र अनुसूची–२ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा भएमा

माथिको प्रावधान अनुसार बलात्कारको आरोपीले आफ्नो हकमा उजुरी, पुनरावेदनपत्र वा प्रतिउत्तरपत्र दिन, प्रमाण पेश गर्न, फैसला बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै कुरा भराई लिन वा मुद्दा सम्बन्धी अन्य कुनै आवश्यक काम कारबाही गर्न आफ्नो हकमा अरु

कसैलाई वारिस नियुक्त गर्न पाउने छैन।[८] अन्यथा, नेपाली कानुन अनुसार, केहि अपराधमा दोषीले आफ्नो हकमा अदालत समक्ष उपस्थित माथि उल्लेखित काम कारवाही गर्न वारिस नियुक्त गर्न सक्नेछ।

दफा ११६ : मुद्दा फिर्ता लिन नहुनेः (१) अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कसूरमा अदालतमा एक पटक दायर भइसकेको मुद्दा फिर्ता लिन सकिने छैन ।

यस प्रावधानले बलात्कारका मुद्दाहरू एक पटक दर्ता भएपछी सुनुवाईको सुनिश्चितता दिन्छ। तथापी, थुप्रै बलात्कारका मुद्दामा, पिडितहरूले धेरैजसो डर, धम्की र करकापमा परी आफ्नो पहिलेको बयान फेर्ने वा बदल्ने गर्छन ।[९]

साथै , फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन ऐन) २०७४) को दफा ३७ ले कैदीले आफ्नो व्यवहार सुधारेको र कैदको तीन चौथाई सजाय कटाईसकेको भएपनि सजायको अवधि कम हुन नसक्ने अपराधहरूको सुची प्रदान गरेको छ। यस सुचीभित्र बलात्कार पनि पर्छ।

**२. त्यस्ता प्रावधानहरूको भाषा अनुसार, के बलात्कारको परिभाषा:**

**क. लिङ्ग विशेष, महिलालाई मात्र समावेश गरेको** हो

मुलुकी फौजदारी संहिताको दफा २१९ ले बलात्कारलाई "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गर्न वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ "भनी परिभाषित गरेको छ। यो परिभाषा अपर्याप्त छ किनकि यसले बलात्कारका अन्य पिडित, जस्तै पुरुष, बालक वा तेस्रो लिंगी व्यक्तिलाई समेट्दैन। साथै यसले महिला बलात्कारको कसुरदार हुनसक्ने सम्भावनालाई पनि नकार्छ।

**ख. लैंगिक तटस्थता, सबै व्यक्ति समेटिएको** छैन

**ग. पिडितको सहमतिको अभाव आधारित** छ

[८] कम गाम्भीर्यताका अन्य अपराधमा, व्यक्तिले आफ्नो प्रतिनिधिलाई अदालत समक्ष पुर्पक्षसंग सम्बन्धित कामकाजको लागि पठाउनसक्छ।

[९] अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डसंग मेल गरी सान्दर्भिक कानुनहरूद्वारा नेपालमा यौन हिंसाको रोकथाम गर्ने, काठमाडौँ स्कुल अफ ल, २०१५, उपलब्ध: http://ksl.edu.np/files/large/8bb7d6bf39679d3

मुलुकी फौजदारी संहिताको दफा २१९ अनुसार "करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यान पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन"। साथै होस् ठेगानमा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन। उमेर संग सम्बन्धित अयोग्यताको बारे, थप रुपमा दफा २२५ मा बाल यौन शोषण अन्तर्गत बयान गरिएको छ।

**घ. जबर्जस्ती वा धम्किको आधारमा** छ

**ङ . माथि उल्लेखितको संयोजन** छ

**च. के यसले केवल महिला योनीको बलात्कार समेट्छ?** होइन

**छ के यसले सबै खालको प्रवेश समावेश गरेको छ ?** छैन

मुलुकी फौजदारीको दफा २१९ ले बलात्कारलाई परिभाषित गर्दा "गुद्वार वा मुखमा लिङ्ग पसयेमा, गुद्वार, मुख वा योनिमा लिङ्ग केहि मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गरेमा पनि जबर्जस्ती करणी मानिनेछ। " यसरी प्रावधानले गुद्वारमा कुनै वस्तु वा लिङ्ग बाहेक अन्य शरीरको अंग पसाउने प्रावधान समावेश गरेको छैन र साथै अन्य अवस्थाहरू पनि यसको साँघुरो परिभाषामा समेटेको छैन।

मुलुकी फौजदारी संहिताले बलात्कारको अपराधमा प्रवेश (penetration)लाई एक महत्वपूर्ण तत्वको रुपमा लिएको छ र यौन हिंसाका अशारीरिक प्रकारलाई यौन दुर्व्यवहारको रुपमा लिएको छ । दफा २२४(२) को अनुसार यौन दुर्व्यवहारलाई यसरी परिभाषित गरेको छ, *“कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मन्जुरी विना करणीका आशयले समातेमा वा निजको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाभिक रुपमा कुनै एकान्त ठाउँमा लागेमा, यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन, समाउन लगाएमा, निजसंग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा सांकेतिक रुपमा वा विधुतिय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्विर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी*

*दिएमा वा निजसंग अस्वाभाविक, अवान्छनत वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ।"*

तथापी नेपालको सर्वोच्च अदालतले पटक पटक प्रवेश(penetration)लाई मात्र बलात्कारको पुर्व अवस्था भन्न मिल्दैन भनी निर्णय गरेको छ।[१०] त्यसैगरी, *नेपाल सरकार विरुद्ध मुवारक मिर मुसलमान*को मुद्दामा सर्वोच्च अदालतले प्रवेश (penetration) नभएको अवस्थामा पनि, शारीरिक, मानसिक र मनोवैज्ञानिकका साथै सामाजिक असरहरूलाई नियाल्दा बलात्कार भएको देखिएको पुनर्पुष्टि गरेको थियो।[११]

**ज. के वैवाहिक बलात्कारलाई प्रावधानहरूमा स्पष्ट रुपमा रखिएको छ ?** छ

मुलुकी फौजदारी संहिताको दफा २१९ (४) अन्तर्गत, सजायमा भिन्नता भएता पनि, वैवाहिक सम्बन्धमा गरिएको बलात्कारको लागि अपराधिक दायित्व उल्लेख गरिएको छ। फेरी पनि, मुलुकी फौजदारी संहिताले प्रयोग गरेको भाषामा लैंगिक तटस्थता छैन र श्रीमतीले श्रीमानको बलात्कार गरेको खण्डमा कुनै अपराधिक दायित्वको प्रावधान समावेश गरेको छैन।

मुलुकी फौजदारी संहिताको दफा २२४ (२) को प्रयोजनको लागी, यदि कसैले यौन सम्पर्क राख्ने आशयले आफ्नो श्रीमती वा श्रीमानको सहमतिबिना, कुनै संबेदनशील अंग छुन खोजेमा वा भित्री लुगा खोल्न खोजेमा, त्यसलाई बलात्कार नभई यौन दुर्व्यवहार मानिन्छ ।

तथापी कुनै व्यक्तिले आफ्नो श्रीमान वा श्रीमतीको सहमतिबिना संवेदनशिल अंग छुने वा भित्री लुगा खोल्ने प्रयास गरेमा सोको लागि यौन दुर्व्यवहार को सजाय हुँदैन।

**झ. के वैवाहिक बलात्कार बारे कानुन मौन छ ?** छैन

**ञ. के वैवाहिक बलात्कारलाई सामान्य प्रावधानहरूमा वा विशिष्ट रुपमा उल्लेख नगरिएको खण्डमा कानुनी नजिरहरूद्वारा समेटिएको छ?** छ, यसलाई सामान्य प्रावधानहरूमा रखिएको छ।

---

[१०] नेपालको सर्वोच्च अदालत, *नेपाल सरकार विरुद्ध टासी बी की समेत,* नेपाल कानुन पत्रिका २०७३, निर्णय नम्बर ९१५९, निर्णय मिति १० ज्यानवारी २०१४।

[११] नेपालको सर्वोच्च अदालत, नेपाल सरकार विरुद्ध मुवारक मिर मुसलमान नेपाल कानुन पत्रिका २०६७, निर्णय नम्बर ८४६६।

**ट. के वैवाहिक बलात्कारलाई प्रावधानहरूमा समावेश गरिएको छैन, वा वैवाहिक बलात्कारलाई अपराध मानिंदैन ?** होइन

**३. यदि पिडित र कसुरदार यौन सम्बन्धमा संगै बस्ने/यौन सम्पर्क हुने/यौन सम्पर्क भएको अवस्थामा के प्रावधानहरूले कसुरदारको अपराधीकरण छुट दिने केहि प्रावधानहरू छन् ? छन् भने, कृपया प्रस्तुत गर्नुहोस।**

छैन।

**४. यौन** सहमति **को लागि कानुनी उमेर कति हो ?**

यौन सहमतिको लागि कानुनी उमेर १८ हो। मुलुकी फौजदारी संहिताको दफा २१९ (२) अनुसार, "अठार वर्षभन्दा मुनिको बालिकासंग भएको यौन सम्पर्क, सहमतिमै भएपनि" बलात्कार मानिन्छ। बालबालिकाको खण्डमा, अप्राकृतिक मैथुन को लागि बालबालिकाले दिएको सहमतिलाई सहमति मानिंदैन। यसो हुँदा, मुलुकी फौजदारी संहिता बालकको हकमा "प्राकृतिक" मैथुनका लागि सहमतिको कानुनी उमेर कति हुने भन्ने कुरामा मौन भएको कुरा नमान्न सकिंदैन।

**५ के साथि/सहकर्मीसंग भएको यौन क्रियाकलापबीच भिन्नता देखिने कुनै प्रावधान छ ? यदि छ भने, कृपया उल्लेख गर्नुहोस।**

छैन। **६. कृपया बलात्कारको अपराधमा तोकिएको सजाय र ती सजायका हद बारे जानकारी प्रदान गर्नुहोस।**

मुलुकी फौजदारी संहिताले परिच्छेद १८ अन्तर्गत करणी सम्बन्धी कसूरमा लागि विभिन्न कैद सजाय तय गरिएको छ।

बलात्कार : मुलुकी फौजदारी संहिताको दफा २१९ (३) अन्तर्गत बलात्कार गर्ने व्यक्तिलाई बलात्कारको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ :- (क) दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखी बीस वर्षसम्म, (ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए चौध वर्षदेखि सोह्र वर्षसम्म, (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र

वर्षदेखि चौध वर्षसम्म, (घ) सोह्र वर्ष वा सोह्र र्षभन्दाव बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म, (ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

मुलुकी फौजदारी संहिताको दफा २२० अनुसार, हाडनातामा करणी गरेमा सम्बन्धको तह वा आत्मियताको आधारमा देहाय बमोजिमको सजाय हुनेछ: (क) जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद, (ख) सौतेनी आमा छोरा बाबुवा छोरी, सहोदर दिदी भाइवा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चार वर्षदेखि दश वर्षसम्म कैद र चालीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना, (ग) एकै हाँगाको तीन पुस्तासम्मको बज्यै, नाति,वा पनाति, एकै हाँगाको ठुलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भाञ्जी वा भानिज माइजु, आमा तर्फका ठूली आमा वा सानी आमा र छोरा र आफ्नी श्रीमती तर्फकी सासू र ज्वाँइको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिबाना, (घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएदेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना ।

मुलुकी फौजदारी संहिता को २२१(२) अनुसार थुनामा रहेको व्यक्तिसँग करणी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद सजाय हुने।

मुलुकी फौजदारी संहिता को २२२(२) अन्तर्गत आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गरेमा कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुने।

मुलुकी फौजदारी संहिता को २२३ (२) अनुसार कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गरेमा कसूर गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

मुलुकी फौजदारी संहिताको २२४ (३) अन्तर्गत यौन दुर्व्यवहार गरेमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

मुलुकी फौजदारी संहिताको दफा २२५ (३) अनुसार बालयौन दुरुपयोग गरेमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

मुलुकी फौजदारी संहिताको २२६(२) अनुसार अप्राकृतिक मैथुन गरेमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ । यदि बालबालिका विरुद्ध सो गरेमा, सजाय दफा २१९ बमोजिम हुनेछ।

मुलुकी फौजदारी संहिताको २२७ (२) अनुसार कसूर गर्ने व्यक्तिलाई गाईको करणी गरे वा गराएको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना र अन्य पशु करणी गरे वा गराएको भए एक वर्षसम्म कैद र दश हजार रुपैंयाँसम्म जरिबाना हुनेछ ।

मुलुकी फौजदारी संहिताको दफा १८८ (३) अनुसार जबर्जस्ती गर्भपतन गराउन हुन्न। यदी गराएमा निम्नअनुसार सजाय हुन्छ: (क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना, (ख)बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीनवर्षसम्म कैद र तीस हजाररुपैयाँसम्म जरिबाना, (ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भएपाँचवर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।

माथि उल्लेख गरिएका यौन अपराधहरूका लागि **विभिन्न सजाय व्यवस्थाहरूलाई विचार गर्दा, बलात्कार भनी वर्गिकरण नगरिएका यौन अपराधहरूमा कम सजाय हुन्छ, जुन प्राय अपराधको गाम्भीर्यतासंग सुसंगत हुँदैन भनी निष्कर्ष निकाल्न सकिन्छ ।**

बलात्कारको कानुनी परिभाषामा भएको कमीको कारण उत्तिकै गम्भीर कार्यलाई यौन दुर्व्यवहार,जस्तै महिला कसुरदारले गरेको बलात्कार र लिङ्गद्वारा गुद्वारबाहेक अन्य कुनै वस्तु वा शरीरको अंगलाई प्रवेश गरेको बलात्कारलाई बलात्कारको परिभाषामा समाहित गरी थोरै सजाय तय गरिएको छ।

## ७. बलात्कार र/वा यौन हिंसाका कसुरदारलाई दोषी ठहर गरेपछी पिडितलाई प्रदान गरिने परिपूरणबारे कानुनी व्यवस्थामा के रखिएको छ ?

मुलुकी फौजदारी संहिताको दफा २२८ अनुसार, दफा २२० र २२६ भन्दा बाहेकका अपराधहरूका पिडितलाई उचित क्षतिपूर्ति दिन अदालतले आदेश दिनेछ। मुलुकी फौजदारी

संहिताको दफा २२० र दफा २२६ मा हाडनाता करणी र सहमतिको अभाव भएको अप्राकृतिक यौन सम्बन्धको निषेध क्रमश पर्दछन् ।

मुलुकी फौजदारी संहिताले बलात्कार र अन्य यौन हिंसाका पिडितका लागि 'उचित क्षतिपूर्ति' को व्यवस्था गरेतापनि, कुनैपनि गणना गर्ने विधि वा विशेष मापदण्ड भने छैन।

पिडितहरूका अधिकार र हितको सुरक्षाका निमित्त १८ सेप्टेम्बर २०१८ मा, अपराध पिडित सुरक्षा ऐन, २०७५ (२०१८) लागु भयो।

दफा ३१ ले क्षतिपूर्ति प्रदान गर्दा आधारहरू निर्धारण गरेको छ। अदालतले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिन सक्नेछ :

क) पीडितले व्योहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च ,

ख ) पीडितले व्योहोर्नु परेको वा पर्ने औषधोपचार खर्च,

ग) पीडितले व्योहोर्नु परेको अप्रत्याशित यातायात खर्च ,

घ) पीडितले व्योहोर्नु परेको कानून व्यवसायीको खर्च ,

ङ) कसुरको प्रतक्ष्य परिणामको कारणबाट पिडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति,

च) पीडितले व्योहोर्नु परेको वा पर्ने आर्थिक क्षति,

छ) क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,

ज) कसुरको प्रतक्ष्य परिणाम स्वरुप पिडितको गुमेकोवा क्षति पुगेको आय आर्जन क्षमता ,

झ) पिडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर,

ञ) पिडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,

ट ) जबर्जस्ती करणीको कसुरको हकमा सो कसुरबाट पिडितको सामाजिक, संस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव ,

ठ ) जबर्जस्ती करणीका कारण पिडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन वा शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च ,

ड) कसुरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च ,

ढ) विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरुद्ध हुन सकेन थप कसुरबाट बच्ने असल नियतले परेको मनासिब खर्च ,

ण) पीडितले व्योहोर्नु परेको मानसिक वा भावनात्मक क्षति ,

त ) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार,

थ) विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसुरबाट प्रथमस्तरको पिडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च ,

द) नाबालिग सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व,

यो सुची व्यापक देखिएतापनि यस प्रावधानको कमजोरी भनेको यसले क्षतिपुर्तीको निर्धारण गर्दा पिडितलाई प्रदान गर्ने क्षतिपुर्ती यी आधारहरुमा विचार गरी अनिवार्य क्षतिपूर्तिको व्यवस्था नगरी अदालतको स्वविवेकमा छोडेको छ।

अझ, ऐनको एक प्रावधानले अन्तरिम राहतको व्यवस्था गरेको छ। दफा २९ अनुसार, " पिडितलाई तत्काल उपच्चार गराउनु पर्ने भएमा वा क्षतिपुर्ती वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ। " ऐनको अनुसार पिडितलाई दिनुपर्ने रकम पिडित कोषबाट प्रदान गरिनुपर्छ।[१२] क्षतिपुर्ती वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसुरदार ठहर भएमा त्यस्तो कसुरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।[१३] अदालतले आदेश

[१२] अपराध पिडित संरक्षण ऐन, २०७५, दफा २९ (२)। पिडित कोष नेपालको सर्वोच्च अदालतको अन्तर्गत स्थापित गरिएको छ र नेपाल सरकारले यसको कामकारवाहीको लागि बजेट छुटाएको छ। तरपनि, अभ्यासमा, अदालतमा यी प्रावधानहरू जारी भएतापनि यो भर्खर आएको प्रावधान भएको र जिल्ला अदालतहरूले यसलाई अझै कार्यन्वयन गर्ने चरणमा थियो।

[१३] अपराध पिडित संरक्षण ऐन, २०७५, दफा २९ (३)।

दिएकोमा त्यस्तो कसुरदारले क्षतिपूर्ति वा राहत बापतको रकम कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको ६० दिनभित्र त्यस्तो कसुरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।[१४]

अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसुरदारबाट पिडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भरिदिने गरी आदेश गर्न सक्नेछ।[१५] क्षतिपूर्ति प्राप्त गरिसकेको पिडितलाई कसुरदारबाट क्षतिपूर्ति भराईदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति बापतको रकम कोषमा फिर्ता गरी बाँकी रकममात्र पिडितलाई उपलब्ध गराईनेछ।[१६] यस प्रावधानले पर्याप्त रुपमा अन्तरिम राहत (पिडितको तत्काल आवश्यकताहरूलाई सहायता गर्न प्रदान गरिने) र क्षतिपूर्तिको (पिडितले भोगेको हानीको उपचारको रुपमा प्रदान गरिने )भिन्नता छुटाउँदैन।

वैवाहिक सम्बन्धको हकमा मुलुकी फौजदारी संहितामा आर्थिक बाहेकका उपचारहरू पनि समेटिनुपर्छ। मुलुकी फौजदारी संहिताको दफा २१९ (५) को अनुसार वैवाहिक सम्बन्ध भएको अवस्थामा पतिले पत्नीमाथि बलात्कार गरेमा, अदालत समक्ष मुद्दा पुगेपश्चात, अदालतले पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछ: (क) पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन, (ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन, (ग) दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन, (घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

द्वन्दकालिन यौन हिंसाको हकमा, विशेष प्रतिवेदकले आफ्नो प्रतिवेदनमा अवलोकन गरे अनुसार द्वन्दका कारण मारिएका वा जबर्जस्ती बेपत्ता पारिएका र घाईते भएका व्यक्तिहरूले अन्तरिम राहत र आर्थिक सहायता पाएको तर यौन हिंसाका पिडितहरूले

---

[१४] ऐजन, दफा २९ (४)।

[१५] ऐजन, दफा ३० (१। अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरुप भराऐदिने गरी आदेश गर्न सक्नेछ ।

[१६] ऐजन, दफा ३० (३)। दफा २९ बमोजिम अन्तरिम क्षतिपूर्ति प्राप्त गरिसकेको पिडितलाई उपदफा (१) बमोजिम कसुरदारबाट क्षतिपूर्ति भराऐदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति बापतको रकम कोषमा फिर्ता गरी बाँकी रकममात्र पिडितलाई उपलब्ध गराइनेछ।

त्यस्तो कुनै क्षतिपूर्ति वा अन्य परिपूरण वा सो सरहको सहायता सेवा नपाएको उल्लेख गर्नुभएको छ।[17]

### ३. ख. सजाय बढाउने र कम गर्ने परिस्थितिहरू

## ८ के कानुनले बलात्कारका मुद्दामा सजाय बढाउने र घटाउने परिस्थितिहरू पूर्वानुमान गरेको छ? यदि छ भने, ती के हुन् ?

छ। आफुलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई थप सजाय समेत हुने प्रावधान छ: (क) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय; (ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना ।

मुलुकी फौजदारी संहिताको दफा २१९(७) अनुसार सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ ।

साथै मुलुकी फौजदारी संहिताले दफा २१९ अन्तर्गतको प्रावधानमा लेखिएबमोजिम कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ ।

यसका साथै, मुलुकी फौजदारी संहिताको दफा ३८ (प ) अनुसार मानवता विरुद्ध गरेको कसुर विध्यमान रहेमा कसुरको गम्भीरता बढेको मानिनेछ। तथापी, मुलुकी फौजदारी संहितामा यसबारे थप केहि जानकारी दिएको छैन र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बलात्कार मानवता विरुद्धको अपराध भए वा नभएको अपष्ट छ।

### क. के एक भन्दा बढी व्यक्तिले बलात्कार गरेमा, सो सजाय बढाउने परिस्थिति हो ?

[१७] विशेष प्रतिवेदकको नेपाल भ्रमणको प्रतिवेदन, अनुच्छेद ६०।

हो, मुलुकी फौजदारी ऐनको दफा  २१९ (७) अन्तर्गत कुनै महिलामाथि सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा थप ५ वर्षसम्मको सजाय हुन्छ।

**ख. के कुनै खास कमजोर वर्गको व्यक्तिमाथि गरेको बलात्कार वा दोषी र पिडितबीचको शक्तिको असन्तुलन भएको अवस्थामा गरेको बलात्कारको लागी थप सजायको व्यवस्था गरिएको छ ? (जस्तै, डाक्टर/बिरामी; शिक्षक/विद्यार्थी; उमेर भिन्नता)**

छ, मुलुकी फौजदारी संहिताको दफा २१९ (७) अनुसार कुनै महिलामाथि छ महिनाभन्दा बढी गर्भवती भएकी महिलालाई वा अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ्य महिलालाई जवर्जस्ती करणी गरेमा थप ५ वर्षसम्मको सजाय हुन्छ।

**ग. के आफ्नै पति/पत्नी  वा संगै बसेको साथिमाथि गरेको बलात्कारको लागि थप सजायको परिस्थिति बनाईएको छ ?**

छैन, खासमा यसको उल्टो प्रावधान छ।  मुलुकी फौजदारी संहिता अनुसार वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्षसम्म कैद हुनेछ। तर पतिसंग मानो छुटीई अंश मुद्दा चलेको, पतिसंग अंश लिई छुट्टै बसेको वा पतिसंग सम्बन्ध बिच्छेदको मुद्दा चलेको खण्डमा वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैन।

कुनै व्यक्तिलाई **१८ वा १८ वर्षभन्दा माथिको महिलामाथि गरेको बलात्कारको लागि ७ - १० वर्षसम्म कैद सजाय तोकिएतापनि यदि वैवाहिक सम्बन्ध भएको खण्डमा सो सजाय ५ वर्षसम्म मात्र** हुनेछ। पीडक र पिडितबीचको वैवाहिक अवस्थाका कारण सजायमा कमी गर्न मिल्दैन।

**९. के सजायको प्रयोजनको लागि गम्भीरता घट्नेअवस्थाहरू कानुनमा राखिएका छन्?** छ (अघिल्लो उत्तर हेर्नुहोला। )

मुलुकी फौजदारी संहिताको दफा ३९, देहायका अवस्थाहरु विद्यमान रहेमा कसूरको गम्भीरता घटाएको मानिनेछ –

(क) कसूरदारको उमेर १८ वर्षभन्दा कम वा ७५ वर्षभन्दा माथि भएको;

(ख) कसूरदारको कसूर गर्ने नियत नभएको;

(ग) जुन व्यक्तिको बिरुद्ध कसूर भएको छ त्यस्तो व्यक्तिले कसूरदारलाई कसूर हुनुभन्दा तत्कालअघि उत्तेजित गरेको वा धम्की दिएको;

(घ) कसूरदार वा निजको कुनै नजिकको नातेदारका बिरुद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रुपमा तत्कालै कसूर भएको;

(ङ) कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको;

(च) कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको;

(छ) कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी पीडितलाई क्षतिपूर्ति दिइसकेको वा दिन मञ्जुर गरेको,

(ज) शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,

(झ) पीडित पक्ष र समाजलाई हुन गएको हानि, नोक्सानीको मात्रा उल्लेखनीय नदेखिएको,

(ञ) अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,

(ट) कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,

(ठ) कसैको बहकाउ वा दबाबमा अपराध गरेको ।

माथिका (ख) र (ठ) बाहेक सबै अवस्थाहरू बलात्कारको घटनामा आकर्षित हुन्छन। दफा २९ अनुसार निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि)भएका मुद्दाहरूमा अपराध, जस्तै नाबालिगसंगको यौन सम्बन्धमा अपराधिक मनसाय खोजिंदैन।

त्यस्तैगरी, संहिताको दफा २२ अनुसार व्यक्तिले डर वा त्रासमा परी कुनै अपराध गरेमा, त्यसलाई अपराध नै मानिन्छ। वास्तवमा, दुरुत्साहन दिने व्यक्तिलाई, दफा ३५ (३) अन्तर्गत छुट्टै सजायको[१८] व्यवस्था गरिएको छ।

---

[१८] मुलुकी फौजदारी संहिता, २०१८, दफा ३५ (२)।

थप रुपमा, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३३ ले कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुर्याएमा त्यस बापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्नेछ भनी स्थापित गरेको छ।

**१०. के पिडित र कसुरदारबीच मेलमिलापको व्यवस्था कानुनी प्रतिक्रियाको रुपमा रखिएको छ ?** छ

**यदि छ भने, यो कुन चरणमा छ र यसको कस्ता परिणामहरू छन् ? कानुन बाहेक, के व्यवहारमा मेलमिलाप अभ्यास गरिन्छ ?** गरिन्छ

**यसको अभ्यास कस्तो छ ?**

कानुनी प्रावधानमा मेलमिलापको कुनै प्रावधान नभएतापनि पिडित र पीडकबीच मेलमिलाप गराउने अभ्यास छ। वास्तवमा पिडितलाई डर वा दबाबमा पारी यस्तो गरिने चलन छ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११४ (५) अनुसार कुनै खास कसूरबाट पीडित ब्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमा रहेका ब्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्ता साक्षी वा पीडितको संरक्षण गरिदिनु पर्नेछ । तथापी, अभ्यासमा, प्रहरीहरू आफैंले पिडित र कसुरदारबीचमा मुद्दाको सुरुवातमा नै मेलमिलाप गरिदिने र औपचारिक कानुनी दर्ता इन्कार(जाहेरी दरखास्त दर्ता गर्न नमाने पश्चात) गर्ने गर्छन ।[१९]

यसबाहेक, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १२० अनुसूची–४[२०] अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा पक्षहरुको मञ्जुरी भएमा वा अदालतले त्यस्तो मुद्दा मेलमिलापको लागि पठाउन उपयुक्त ठानेमा पक्षलाई मेलमिलापकर्ता रोज्न लगाई र

---

[१९] ऐजन, द हिमालयन टाइम्स, *दरबारमार्ग बलात्कार मुद्दा: छानबिन समितिले प्रतिबेदन प्रस्तुत गर्छ, ३ प्रहरी अधिकारीहरूको निलम्बन*, ८ फेब्रुअरी २०१८, उपलब्ध https://thehimalayantimes.com/kathmandu/durbarmarg-rape-case-probe-committee-submits-report-3-police-officers-recommended-for-suspension/ , २७ अप्रिल २०२०।

[२०] मुलुकी फौजदारी संहिताको अनुसूची- ४ अन्तर्गत दफा २२० (हाडनाता करणी गर्न नहुने); दफा २२४ (यौन दुर्व्यवहार गर्न नहुने ) र २२६ (३) (अप्राकृतिक मैथुन गर्न नहुने) अपराधहरू पर्छन।

नरोजेमा अदालतले मेलमिलापकर्ता तोकी दिई त्यस्तो मुद्दा मेलमिलापको लागि जुनसुकै बखत र अवस्थामा पठाउने आदेश दिन सक्नेछ भनी स्थापित गरेको छ ।

**११. के फौजदारी संहिताको कुनै प्रावधानले कसुरदारमाथि अभियोजन नगर्ने छुट दिएको छ ?** छैन

**क. यदि कसुरदारले पिडित बिहे गरेको खण्डमा?** छैन

**ख. यदि कसुरदारले आफ्नो "सामाजिक खतरा" गुण गुमाई पिडितसंग मेलमिलाप गरेमा?** पाउदैन।

**३. ग) अभियोजन**

**१२. के प्रहरीलाई उजुरी गरिएको बलात्कारको मुद्दा पदमा भएका अधिकारीद्वारा गरिन्छ (सरकारी अभियोजन)?** छ

मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची -१ अन्तर्गतका सम्पूर्ण मुद्दाहरूमा नेपाल सरकार वादी हुन्।[२१] अनुसूची-१ मा अन्य अपराध सहित, परिच्छेद १८ का दफा २१९ (बलात्कार); दफा २२१ (थुनामा रहेको व्यक्तिसंग करणी); दफा २२२ (आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्याक्तिसंग करणी), दफा २२३ (कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसंग करणी); दफा २२५ (बालयौन दुरुपयोग); दफा २२६ (३) (नाबालिगहरूसंग गरिने अप्राकृतिक मैथुन) अपराधहरू पर्छन।

**१३. के प्रहरीलाई उजुरी गरिएको बलात्कारको मुद्दा कुनै पक्ष (निजी अभियोजन) बाट गरिन्छ ?**

गरिदैंन ।

**१४. के बलात्कारका मुद्दामा अपराध स्विकारेमा सजायमा छुट वा " आपसी समाझदारीको सम्झौता"को अनुमति दिइन्छ ?**

दिइदैन।

---

[२१] मुलुकी फौजदारी संहिता, २०७४, दफा ५६।

**१५. के बालबालिकाको बलात्कारका मुद्दामा अपराध स्विकारेमा सजायमा छुट वा " आपसी समाझदारीको सम्झौता"को अनुमति दिइन्छ ?**

दिइदैन।

**१६. कृपया बलात्कारका मुद्दाका हदम्याद सम्बन्धी जानकारी दिनुहोस।**

मुलुकी फौजदारी संहिताको दफा २२९ (१) मा हाडनाता करणी सम्बन्धि दफा २२० अन्तर्गत भएको अपराधका लागि हदम्यादको व्यवस्था नभएको निश्चित प्रावधान गरिएको छ । मुलुकी फौजदारी संहिताले हाडनाता करणीका मुद्दा दर्ता गर्न हदम्याद नहुने व्यवस्था गरेतापनि बलात्कार र अन्य प्रकारका यौन हिंसाका सम्बन्धमा यहि प्रावधानलाई विस्तार गरेको छैन।

मुलुकी फौजदारी संहिताको दफा २२९ (२) ले प्रदान गरेअनुसार, २१९ (बलात्कार); दफा २२१ (थुनामा रहेको व्यक्तिसंग करणी); दफा २२२ (आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसंग करणी गर्न नहुने), दफा २२३ (कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसंग करणी गर्न नहुने); दफा २२४ (यौन दुर्व्यवहारमा निषेध)दफा २२५ (बालयौन दुरुपयोग गर्ने नहुने); दफा २२६ को उपदफा (३) (नाबालिगहरूसंग गरिने अप्राकृतिक मैथुन निषेध) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्ष नाघेपछी उजुर लाग्ने छैन ।

साथै, सोही परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । यी कसुरहरू दफा २२६ (अप्राकृतिक मैथुन गर्न नहुने) र २२७ (पशु करणी गर्न नहुने) हुन्।

दफा २२९ (२) को अनुसार थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । यसको अर्थ हदम्यादको समय घटना घटेको दिनबाट नभई छुटेको दिनबाट गन्ति हुन्छ। यो सान्दर्भिक प्रगती हो किनकि नियन्त्रणमा भएको, अपहरण गरिएको वा बन्धक बनाईएको व्यक्तिले धेरैजसो अवस्थामा मुद्दा दर्ता गर्नबाट बन्चित हुन्छ। तथापी, ३ महिने हदम्याद छुटेको दिनबाट गन्ती गर्दा निकै छोटो समय हो र अन्तर्राष्ट्रिय कानुनी मापदण्ड अनुसार परिवर्तन गरिनुपर्छ।

मुलुकी फौजदारी संहिताले दफा २१९, २२१, २२२, २२३, २२४ र २२५ र २२६ को उप दफा (२) अन्तर्गत घटेका घटनाहरूका लागि हदम्यादको समय ६ महिनाबाट १ वर्ष पुराएको छ। यो विस्तार उल्लेखनीय भएतापनि, यो अझैपनि बलात्कारका पिडितहरूले भोग्ने डर, त्रास, आघात,कलंक र अन्य अवरोधका कारणले गर्दा छोटो अवधिभित्र अघि आउनबाट रोक्न सक्छ।

खासगरी, २०१८ को अन्त्यसम्म फौजदारी कार्यविधिका लागि लागु भएको राष्ट्रिय फौजदारी संहिता अनुसार हदम्याद ३५ दिनको थियो। यसलाई **अन्तर्राष्ट्रिय मापदण्डसंग अमिल्दो मानिन्छ।** तथापी, विशेष प्रतिवेदक, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, र मानव अधिकार समितिले एक वर्षको समय पनि अन्तर्राष्ट्रिय कानुन विपरित भएको दर्शाएको गरी लागु भएको कानुनमा संसोधन गर्ने सिफारिश दिएका थिए।[22] यो लेखिरहेको अवस्थासम्म कुनै सिफारिशहरू लागु भएका छैनन्।

## १७. के कुनै प्रावधानले बलात्कारको पिडित बालबालिकाको वयस्क भएपछी उजुरी दिने प्रावधान छ ? छ

बालबालिकासंग सम्बन्धित ऐन, २०७५ को दफा ७४ ले बलात्कारको पिडितलाई आफ्नो वयस्क भएपछी उजुरी दिनसक्ने प्रावधान गरेको छ। तथापी, यो प्रावधानको आफ्नै सिमाहरू छन्। यो दफा अनुसार, बालबालिका विरुद्ध भएको यौन दुर्व्यवहार सहित अन्य अपराधहरूमा लागु हुने विशेष कानुन बमोजिम उजुरी दर्ता गर्नुपर्नेछ। तर, मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरूद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ।

## १८. के बलात्कारको प्रमाणको लागि कुनै अनिवार्य आवश्यकताहरू छन् , जस्तै चिकिसकिया प्रमाण वा साक्षीको आवश्यकता ? छैन

[22] विशेष प्रतिवेदकको नेपाल भ्रमणको प्रतिवेदन, अनुच्छेद ५९; महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको समिति, नेपालमाथि निष्कर्षका अवलोकनहरू, १६ मार्च २०१८ को संयुक्त राष्ट्रसंघ दस्तावेज CEDAW/C/NPL/CO/६, अनुच्छेदहरू २२-२३; मानव अधिकार समिति, मुद्दा फुलमती न्याय विरुद्ध नेपाल, १८ मार्च २०१९ को सिफारिशहरू, अनुच्छेद ७९।

मुलुकी फौजदारी संहिताको दफा २१ अनुसार, कुनै कसूरको प्रकृतिबाट सम्बन्धित ब्यक्तिको रगत, वीर्य, रौँ वा शरीरको अन्य कुनै अङ्ग, हात हतियार वा चीज वस्तु वा डि.एन.ए. वा अन्य कुनै कुरा परीक्षण गर्दा कसूरदार पत्ता लगाउन कसूर सम्बन्धी प्रमाण उपलब्ध हुन सक्दछ ***भन्ने लागेमा*** अनुसन्धान अधिकारीले सरकारी चिकित्सक वा मान्यता प्राप्त प्रयोगशालामा त्यस्तो रगत, वीर्य, रौँ वा शरिरको कुनै अङ्ग, हातहतियार वा चीज वस्तु वा डी.एन.ए. वा विद्युतीय स्वरुपमा रहेको सामग्री वा अन्य कुनै भौतिक प्रमाण परीक्षण गराउन सक्नेछ (जोड थपिएको)।[23]

*सुमन पहरी विरुद्ध नेपाल सरकारको* मुद्दामा[24], सर्वोच्च अदालतले जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित भएको र चिकित्सकीय प्रतिबेदन त्यसपछि मात्र आउने भनिएको छ। सर्वोच्च अदालतले बलात्कारका मुद्दामा सबै भन्दा महत्वपुर्ण प्रमाण पिडित आफैं भएको (अपराधको साक्षी आफैं भएकोले) स्थापित गरेको छ। सर्वोच्च अदालतले यहि अडान *सुरेन्द्र बी के विरुद्ध नेपाल सरकारको* मुद्दामा पनि लिएको छ।[25] सर्वोच्च अदालतले बलात्कारको अपराध लुकेर गरिने भएकाले यस्तो अपराधमा प्राय साक्षी नपाईने धारणा राखेको छ। बलात्कारको घटनामा सबैभन्दा महत्वपुर्ण प्रमाण पिडित आफैं भएको र पिडितले लिएको दावालाई पीडितको शारीरिक परिक्षणद्वारा स्थापित गर्ने निर्धारण गरेको छ। तथापी, अरु मुद्दामा सर्वोच्च अदालतले कसुरदार र पिडितबीच यौन सम्पर्क भए/नभएको कुरा चिकित्सकीय प्रतिबेदन, जस्तै घटना घटेको थुप्रै पश्चात गरिएको चिकित्सकीय जांचले, नदेखाउन सक्छ भन्ने स्थापित गरेको छ।[26]

## १९. के न्यायाधिस वा विपक्षी वकिललाई पुर्पक्षको बेला महिलाको पुर्व यौनसम्बन्धको इतिहास खुलाउन लक्षित गर्ने बलात्कार लुकाउने सुरक्षित प्रावधानहरू छन् ?

छैन

[23] मुलुकी फौजदारी कार्यविधि संहिता, दफा २१।

[24] नेपालको सर्वोच्च अदालत, सुमन पहरी विरुद्ध नेपाल सरकार, नेपाल कानुन पत्रिका २०७४, निर्णय नम्बर ९८०१, निर्णय मिति १ फेब्रुअरी २०१७।

[25] नेपालको सर्वोच्च अदालत, सुरेन्द्र बी के विरुद्ध नेपाल सरकार, नेपाल कानुन पत्रिका २०७५ , निर्णय नम्बर १०१५२, निर्णय मिति २१ मे २०१७।

[26] नेपालको सर्वोच्च अदालत, तीन (दिईएको नाम) विरुद्ध नेपाल सरकार, नेपाल कानुन पत्रिका २०७४, निर्णय नम्बर ९८११, निर्णय मिति २६ नोवेम्बर २०१६।

**२०. अभियोजन र अदालती सुनुवाईको बेला पुनर्पीडित हुन नदिने लक्ष्य राखी निर्माण गरिएका फौजदारी कार्यविधि कानुनी प्रावधानहरू छन् ?**

अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ६ ले बलात्कार, हाडनाता करनी, यौन दुर्व्यवहार जस्ता अपराधको लागि अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार प्रदान गर्छ। थप रुपमा, उप दफा (३) अनुसार पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा देहाय बमोजिम गर्नुपर्नेछ :

१ पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर;

२ पीडितको वास्तववक स्वर बदल्न दिएर,

३ अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रब्यदृश्य संवाद प्रबिधि प्रयोग गरेर,

४ अभियुक्तले देखन वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर।

त्यसैगरी ऐनको दफा १४ अनुसार अदालतले कसुरको सुनुवाईको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबात पृथक रहने गरी पिडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्नेछ। छुट्टै कक्ष उपलब्ध गराउन सम्भव र व्यावहारिक नभएमा सुनुवाई हुँदा अदालतले पिडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। साथै दफा १० अनुसार पिडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसुरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पिडित वा पिडितको निजिक्को नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुनेछ।

त्यसैगरी, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११४ बमोजिम मुद्दामा साक्षी रहेको कुनै ब्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजको सुरक्षाको प्रबन्ध गरिने प्रावधान राखिएको छ ।

साथै मुलुकी फौजदारी कार्यविधि ऐनको दफा १६ (६) ले साक्षीको भिडिओ मार्फत बयान गर्न मिल्ने व्यवस्था गरेको छ। थपरुपमा, मुलुकी फौजदारी कार्यविधि ऐनको दफा १२९ मा बलात्कार, हाडनाता करणी, यौन दुर्व्यवहार, महिला विरुद्धको हिंसा जस्ता अपराधमा मुद्दाको पुर्पक्ष बन्द इजलास मार्फत गरिने व्यवस्था छ।

**३. घ) युद्ध र/वा द्वन्द**

**२१. के बलात्कारलाई युद्ध अपराध वा मानवता विरुद्धको अपराधको रुपमा अपराधीकरण गरिएको छ ?**

छैन।

**२२. के युद्ध वा द्वन्दको पृष्ठभूमिमा घटेका बलात्कारको अभियोजन गर्न हदम्याद छ ?**

छ ।

माथि विस्तार गरेअनुसार (प्रश्न नम्बर १६ को उत्तर हेर्नुहोस ), सशस्त्र द्वन्दको बेला भएको बलात्कारको फौजदारी कार्यविधिमा हदम्यादको समय ३५ दिनको थियो, जुन स्पष्ट रुपमा अन्तर्राष्ट्रिय कानुन विपरित छ।

**२३. के युद्ध वा द्वन्दको पृष्ठभूमिमा घटेका बलात्कारकोलागि छुट्टै हदम्यादको व्यवस्था छ ?**

छैन, माथिको प्रश्न नम्बर १६ र २२ को उत्तर हेर्नुहोस।

**२४. के अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गरिएको छ ?**

छैन ।

**३. ङ) तथ्यांक**

**२५. कृपया विगत दुई देखि पांच वर्षभित्र बलात्कारका मुद्दा उजुरी, अभियोजन, सजायको मुद्दाको तथ्यांक प्रदान गर्नुहोस।**

महिला पुनर्स्थापना केन्द्रको तथ्यांक अनुसार २०१७ देखि २०१८ सम्म महिलामाथि हुने बलात्कार र महिला हिंसा ६८ बाट १२० सम्म बढ्यो र यौन दुर्व्यवहार २०१७ देखि

२०१८ सम्म १८ देखि ३७ बढ्यो।[२७] नेपाल प्रहरीको  महिला माथि हिंसाको तथ्यांक अनुसार, महिला र बालबालिका विरुद्ध हिंसा २०१८ मा २२३० वोटा दर्ता भयो जबकि २०१८ मा १४८० वोटा दर्ता भएका थिए।[२८]  बढ्दो तथ्यांकले बलात्कार र अन्य प्रकारका यौन हिंसाका पिडितहरूको उपचार र परिपूरणमा थप जोड दिनुपर्ने देखिन्छ।

**३ च ) अन्य**

**२६. कृपया बलात्कारको अभियोजन र उजुरीमा र कसुरदारको जवाफदेहितामा आउने अवरोधहरू विस्तृत रुपमा प्रस्तुत गर्नुहोस र तपाइको कानुनी र सामाजिक पृष्ठभूमि अनुसार माथि नसमेटीएका  कुराहरू उल्लेख गर्नुहोस।**

नेपाली पृष्ठभूमीमा भएका थप अवरोधहरू तल उल्लेख गरिएका छन्:

**क ) बलात्कारका मुद्दाको अप्रभावकारी अनुसन्धान**

विगतमा, नेपाल प्रहरीले गरेको अनुसन्धानमाथि नेपालका वरिष्ठ फोरेन्सिकका विज्ञ डा हरिहर वस्तीले प्रश्नहरू उठाउनुभएको छ, उहाँको अनुसार, **घटनास्थलमा काम गर्ने व्यक्तिहरू नजिकैको अस्पतालको चिकित्सकीय अधिकृत भएको र फोरेन्सिक विज्ञ नभएको** बताउनुभयो। उहाँले थप भन्नुभयो कि यौन अपराधका उही मुद्दामा विभिन्न अस्पतालले गरेका विभिन्न प्रतिबेदनमा भिन्न भिन्नै कुरा प्रस्तुत गरिएको थियो ।[२९] बलात्कारको अनुसन्धान गर्दा यस्ता विसंगतिहरूमा ध्यान दिनुपर्छ।

**ख ) अपर्याप्त पिडित सुरक्षाका संयन्त्रहरू**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले  १८ वोटा अस्पतालमा सम्पूर्ण हेरचाह प्रदान गर्ने उद्देश्यले (घाउको जांच, पुनर्स्थापनामा सहयोग, मनोवैज्ञानिक परामर्श, कानुनी सल्लाह र सुरक्षा ) एकै छतमुनी दिने गरी एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापित गरेको थियो । तथापी, **यी केन्द्रहरू नेपालका हरेक जिल्लामा छैनन् र हालका थुप्रै केन्द्रमा न्युन कर्मचारी र**

---

[२७] महिला पुनर्स्थापना केन्द्र (वोरेक) मा नेपालीमा प्रकाशित गरेको  प्रतिवेदन, १७ जुलाई २०१८ देखि १६ जुलाईसम्मको अवधिलाई समेटीएको थियो, यहाँ १४३ बलात्कारका घटना र १८ बलात्कारको उद्योगको घटनाहरू थिए।  वोरेक, अन्वेशी २०७६ (२०१९), पृष्ठ १४।

[२८] आर्थिक वर्ष ०७४/७५ १६ जुलाई २०१७ र १६ जुलाई २०१८बीचमा थियो र आर्थिक वर्ष ०७५/०७६ १७ जुलाई २०१८ र १६ जुलाई २०१९ बीच थिय।  हेर्नुहोस https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate.

[२९]  माई रिपब्लिक, थिरा एल भुसाल र महाबिर पौड्याल, ४ ओक्तोबर २०१८ मा प्रकाशित, गलत अनुसन्धान प्रक्रियाका कारण थुप्रै बलात्कार पिडितहरू नेपालमा पिडित छन्, उपलब्ध https://myrepublica.nagariknetwork.com/news/many-rape-victims-in-nepal-are-deprived-of-justice-due-to-flawed-investigation-process/

**आवश्यक पूर्वाधारहरूको कमी छ।**[३०] पर्याप्त सुरक्षा संयन्त्रहरू र पूर्ण सहायताबिना, पिडितहरूलाई न्याय प्राप्तिको लागि चुनौतीहरू हुन्छ।

## ४. निष्कर्षहरू

माथि प्रस्तुत गरिएका जानकारीका आधारमा, **नेपालले थप बिलम्बबिना बलात्कार र अन्य प्रकारका यौन हिंसासंग सम्बन्धित, दुवै द्वन्द र शान्तिको समयको लागि, कानुन  र साथ साथै संक्रमणकालिन न्यायका सान्दर्भिक संरचना परिमार्जन गर्नुपर्छ।** खासगरी, नेपालले यी कुराको सुनिश्चितता गर्नुपर्छ :

- मुलुकी फौजदारी संहितामा भएको बलात्कारको परिभाषामा परिवर्तन गरी यसलाई लैंगिक तटस्थ बनाई, सम्पूर्ण किसिमका प्रवेश (penetration)लाई समावेश गरी अपराधको गाम्भीर्यता अनुरुपको सजाय निर्धारण गर्नुपर्छ।

- बलात्कार बाहेक अन्य यौन अपराधका अत्यन्त गम्भीर प्रकृतिका लागि पर्याप्त र आनुपतिक सजायको व्यवस्था निर्धारण गर्ने।

- कसुरदारको वैवाहिक अवस्थाले बलात्कारको सजाय कम गर्न नगर्ने।

- बलात्कार र अन्य प्रकारका यौन हिंसाका पिडितहरूलाई भोग्नुपरेको हानिको लागक्षतिपूर्ति र साथै पुनर्स्थापना, सन्तुष्टि, पुन नदोहोरिने सुनिश्चितता सहितको पूर्ण परिपूरणको व्यवस्था गर्ने।  यस सन्दर्भमा, फौजदारी कार्यविधिको अन्त्यमा प्रदान गरिने क्षतिपुर्ती कसुरदारले प्रदान गर्न नसकेको अवस्थामा राष्ट्रले सहायक दायित्वमा आधारित भई रकम तिरिदिने सुनिश्चितता गर्ने।

-पिडित कोषमा पर्याप्त आर्थिक, मानवीय र प्राविधिक श्रोतहरू हुने ।

[३०] इन्ह्युरेड इन्टरनेसनल, लैंगिक समानता र सामाजिक समावेशितालाई प्रवर्धन गर्दै: नेपालको प्रतिबदता र दायित्वहरू, ओक्टोबर २०१८, पृष्ठ १८ र ८७, उपलब्ध, https://thinkasia.org/handle/11540/8981?fbclid=IwAR3eqYjrENdO_asc0SU1kS1k7K1Y23i3HgrGAGerMc3gksKpIkiiKEw9Jss ; द काठमाडौँ पोष्ट, लुम्बिनीको प्रदेशको अस्पतालको एक द्वार जोखिम व्यवस्थापन केन्द्रमा पूर्वाधार र कर्मचारीको कमी,२ मे २०२० मा प्रकाशित, उपलब्ध https://kathmandupost.com/province-no-5/2020/02/16/lumbini-provincial-hospital-s-one-stop-crisis-management-centre-is-crippled-by-lack-of-infrastructure-and-staff

-बलात्कार र अन्य प्रकारका यौन हिंसाका पिडितहरूले अविलम्ब भोगेको क्षतिको लागि परिपूरण प्राप्त गर्ने, जुन अन्तरिम राहतमा सिमित राख्न मिल्दैन। यस सन्दर्भमा, अपराधसंग सम्बन्धित गैर-आर्थिक हानिका लागि दावा, र खासगरी, यातना र द्वन्दसंग सम्बन्धित यौन हिंसाको लागि कुनै हदम्याद नराखिने।

-बलात्कार र अन्य प्रकारका यौन हिंसाका लागि हुने फौजदारी कार्यविधिको लागि हदम्याद नराखिने।

- बलात्कार र अन्य प्रकारका यौन हिंसामा कानुन कार्यान्वयन गर्ने अधिकारी र न्यायलयले पिडितहरू र कसुरदारहरूबीच स्वत: मेलमिलाप गराउने अनुग्रह नराख्ने । पिडितहरूलाई डर, धम्की र उत्पीडनबाट सुरक्षित राख्ने प्रावधानहरू र यसो हुन नदिन ठोस उपायहरू अपनाउने र दोषीलाई अभियोजन गर्ने र सजाय गर्ने।

- पुर्पक्षको बखतमा महिलाको यौन इतिहास खोतल्न न्यायधिश र विपक्षीका वकिलहरूलाई रोक गर्ने प्रावधानहरू लागु हुने कानुनमा राखी संशोधन गर्ने।

- अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप युद्ध अपराध र मानवता विरुद्धको अपराध संहिताकरण गर्ने र यी सबैमा हदम्यादको लागु नहुने सुनिश्चितता प्रदान गर्ने।

- विशेषज्ञहरूद्वारा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार घटनास्थलको अनुसन्धान गर्ने सुनिश्चित गर्ने।

- देशैभरी बलात्कार र यौन हिंसाका पिडितहरूको पूर्ण सहायता र हेरचाह (चोटपटकको हेरचाह, पुनर्स्थापनामा सहयोग, मनोवैज्ञानिक परामर्श प्रदान गर्ने, कानुनी सल्लाह र सुरक्ष प्रदान गर्ने) केन्द्रहरु स्थापना गर्ने र त्यस्ता केन्द्रहरुले आवश्यक आर्थिक, मानवीय र प्राविधिक श्रोतहरू पाउने सुनिश्चित गर्ने ।

- नेपालको सर्वोच्च अदालतको निर्णय अनुसार सत्य निरुपण आयोग ऐन अन्तर्राष्ट्रिय मापदण्ड संगत हुनेगरी संसोधन गर्ने। संसोधनले पिडितहरू र उनीहरूको प्रतिनिधि संस्थाहरूका मागहरू दर्शाउनुपर्छ। खासगरी, यसले यी कुराको सुनिश्चितता दिनुपर्छ: क ) बलात्कार र अन्य प्रकारका यौन हिंसा सहित अन्तर्राष्ट्रिय कानुन अन्तर्गत वा अन्य गम्भीर मानव अधिकार उल्लङ्घनको आरोप लागेका व्यक्तिहरूमाथि हुने फौजदारी कार्यविधिमा

कुनैपनि आयोगलाई क्षमादान वा सो सरहको उपायहरू दिने अधिकार प्रदान नगर्ने; ख) अन्तर्राष्ट्रिय कानून अन्तर्गत अपराध र मानव अधिकारको गम्भीर उल्लङ्घनको अभियोग लागेका माथि हुने फौजदारी कारवाहीको निर्धारण गर्न सरकारी अधिकारीहरुको स्वविवेकको परीधि नहुने ; ग) यदि पिडित र दोषीबीच मेलमिलाप गरिन्छ भने, सो स्वतन्त्र, वास्तविक र पिडितको सुसुचित सूचनाको आधारमा गर्ने; घ) साक्षी सुरक्षाको पूर्ण कार्यक्रम स्थापना गर्ने र सोको लागि पर्याप्त श्रोतहरू प्रदान गर्ने; र न ) सत्य निरुपण आयोग ऐनले अन्तरिम राहत र परिपूरणमा पर्याप्त मात्रामा भिन्नता गर्ने र परिपूरणमा क्षतिपूर्ति, पुनर्स्थापना, पुनारुथान, सन्तुष्टि, र नदोहोरिने सुनिश्चितता समावेश गर्ने।

-संक्रमणकालिन न्यायको कानुन संसोधन गरी विशेष अदालतको निर्माण र सटिक क्षमताका साथ साथै अन्य घरेलु अदालतहरू र महान्यायधिवक्ताको कार्यालयको सम्बन्ध प्रष्ट पार्ने। अदालतहरूमा विचाराधीन मुद्दामा विशेष अदालत आकर्षित नहुने।

- आयुक्तहरूको चयन र नियुक्ति पूर्ण पारदर्शी तवरमा र छलफलयुक्त ढंगबाट गर्ने। आयुक्तहरूको स्वतन्त्रता र निष्पक्षता सुनिश्चित गर्ने। आयोगलाई आफ्नो दिर्घकालिन कार्यभार अनुसारको काम गर्न र श्रोतहरूको स्व-संचालन गर्न योग्य बनाउन,कुनैपनि राजनीतिक कार्यकर्ताको निर्णयमा आश्रित नभई, पर्याप्त आर्थिक, प्राविधिक र मानव श्रोतले सुनिश्चित गर्ने।

कानुनी परिमार्जन र ग्रहण गरिने नीतिहरूलाई **जागरुकतासंग सम्बन्धित कार्यक्रमहरू गरी लैंगिक विभेद उन्मुलन गर्ने र न्यायाधिशहरू, वकिलहरू, कानुन कार्यन्वयन गर्ने अधिकारीहरू र चिकित्सकीय अधिकारीहरूको बलात्कार र अन्य यौन हिंसाको लैंगिक-संवेदनशील तवरले बुझाई हुन जरूरी छ।**

**पेश गर्ने संस्थाहरू :**

**ह्युमन राईट्स एण्ड जस्टिस सेन्टर** (एचआरजेसी) २०१७ मा स्थापना भएको गैर सरकारी संस्था हो जुन काठमाडौँमा अवस्थित छ। यसले नेपालमा यातना, जबर्जस्ती बेपत्ता, गैरन्यायिक हत्या र यौन हिंसा जस्ता मानव अधिकार उल्लङ्घनको पीडितहरूको न्यायको पहुँचलाई सुद्रिढ गर्छ ।

**सम्पर्क व्यक्ति**: कपिल अर्याल

**इमेल:** aryalkapil@gmail.com, contact@hrjc.org.np

**ठेगाना**: ज्वागल-१०, ललितपुर, नेपाल

**टेलिफोन:** +९७७ ९८१८ ०१८ ९२४

**वेबसाईट** : http://hrjc.org.np/

ट्रायल इन्टरनेसनल जेनेभामा अवस्थित २००२ मा स्थापित गैर-सरकारी संस्था हो र यसको संयुक्त राष्ट्रसंघको आर्थिक र सामाजिक परिषद (एकोसक )को परामर्श स्थितिको छ जसले पिडितहरूलाई उनीहरूको न्यायको खोजीमा सहयोग गर्छ। यस संस्थाले कानुनी प्रतिनिधि दिने, मुद्दा अभियोजन गर्ने, क्षमता विकास गर्ने र मानव अधिकारका एजेन्डालाई अघि बढाउने काम गर्छ।

**ट्रायल इन्टरनेसनल**

**सम्पर्क व्यक्ति** : क्रिस्टिना केरिलो

**इमेल**: c.cariello@trialinternational.org

**ठेगाना:** रु दि लियोन ९५, १२०३ जेनेभा, स्विजरल्याण्ड

**टेलिफोन**: +४१ २२ ३२१ ६१ १०

**वेबसाईट** : https://trialinternational.org/